नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(विकास सहायता समन्वय शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ७९/८०
चलानी नं.:- २६४

मितिः २०८०/०१/२१

श्री प्रमुख प्रशासकीय अधिकृत / जिल्ला समन्वय अधिकारी
(स्थानीय तह सबै)।

विषयः परिपत्र।

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणको स्वीकृतिका लागि सम्बन्धित स्थानीय तहबाट यस मन्त्रालयमा अनुरोध गरी कागजातहरु प्राप्त हुने गरेकोमा कतिपय भ्रमण कार्यक्रम सम्बन्धित देशमा रहेका तर आधिकारिकता पुष्ट्याई हुन नसक्ने किसिमका स्थानीय फर्म/संघ/संस्था आदिबाट निमन्त्रणा भएको आधारमा स्वीकृतिका लागि अत्यधिक संख्यामा प्राप्त भईरहेको सन्दर्भमा स्थानीय तहबाट प्राप्त कागजातहरुलाई यस मन्त्रालय बाट मनोनयन/स्वीकृति पूर्व कुटनीतिक माध्यममा आधिकारिकता परिक्षणका लागि पठाउने कार्य हुँदै आएकोले उक्त प्रयोजनका लागि आधिकारिक श्रोत बाट प्राप्त आयोजक, कार्यक्रम, भ्रमण अवधि, भ्रमणको लागि श्रोत साधनको व्यवस्थापन लगायतका विषयमा स्पष्ट पुष्टि हुने कागजातहरु संलग्न गरेर मात्र पठाउन हुन अनुरोध छ।

वैदेशिक भ्रमणको सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/११/३० को बैठकको निर्णयमा समेत अत्यावश्यक अवस्थामा बाहेकका अन्य अवस्थामा वैदेशिक भ्रमण नगर्ने भन्ने उल्लेख भएको प्रसंग समेत सम्वन्धित सबैमा अवगत नै हुनुपर्दछ।

वर्तमान आर्थिक संवेदनशिलता तथा चालू आर्थिक वर्षको अन्तिम र नयाँ आर्थिक वर्षको बजेट निर्माणको महत्वपूर्ण समयलाई मनन गरी अत्यावश्यक र औचित्यपूर्ण अवस्थामा बाहेक वैदेशिक भ्रमण स्वीकृतिका लागि नपठाउनु हुन अनुरोध छ। साथै आधिकारिकता पुष्टयाई हुन नसक्ने तथा गलत कागजात तयार गरी पठाएका अनुरोध पत्र उपर नियमानुसार आवश्यक छानविन/कारवाही हुने भएकोले पर्याप्त सावधानी अपनाउन हुन समेत मिति २०८०/०१/२१ को निर्णयानुसार अनुरोध छ।

(दीक्षा थापा)
शाखा अधिकृत